8 JULY 2013, Karobar Daily

# बाली सम्मेलनमा सार्कका साझा एजेन्डा लैजान सुझाव

पुष्पराज आचार्य

कोलम्बो, २३ असार

बहुपक्षीय व्यापार वार्ता- दोहा राउन्डमा विकसित देशबाट प्रतिबद्धता भएका र पूरा नभएका विषयका सम्बन्धमा विश्व व्यापार संगठन (डब्लूटीओ) को नवौं मन्त्रीस्तरीय सम्मेलनमा दक्षिण एसियाली राष्ट्रहरूलाई साझा एजेन्डासहित सहभागी हुन विज्ञहरूले सुझाएका छन्। डिसेम्बरमा इन्डोनेसियाको बालीमा हुने सम्मेलनलाई कमविकसित देशहरू (एलडीसीज्) ले दोहा राउन्डको 'असुली'का रूपमा लिनुपर्ने उनीहरूको राय छ। भारत र माल्दिभ्सबाहेक दक्षिण एसियाका सबै देश कम विकसित हुन्।

दक्षिण एसियाली राष्ट्रहरूको साझा लबिङले उपलब्धि लिन सकिने विज्ञहरूको निष्कर्ष छ। साउथ एसियन वाच अन ट्रेड, इकोनोमिक्स एन्ड एन्भायरोमेन्ट (सावती) र श्रीलंकास्थित इन्स्टिच्युट अफ पोलिसी स्टडिज (आईपीएस)को आयोजनामा दक्षिण एसियाली देशका विशेषज्ञ समूहहरूले दक्षिण एसियाका प्राथमिकताका सूची तय गरेका हुन्। सावतीका अध्यक्ष डा. पोषराज पाण्डे, आगामी सम्मेलनमा उठ्ने मुद्दाको कार्यान्वयन पक्ष महत्वपूर्ण हुने बताउँछन्। यसअघि, सन् २००१ मा सम्पन्न दोहा राउन्डका क्रममा विकसित राष्ट्रबाट भएको प्रतिबद्धता पूरा हुने र दोहा राउन्ड टुंगो लाग्ने आशा कमविकसित राष्ट्रहरूको छ।

विकसित देशहरूले भने दोहा राउन्डलाई बिदा गरेर, बाली सम्मेलनलाई कम महत्वकाकांक्षा र धेरै उपलब्धि हासिल हुने गरी उपयोग गर्न सुझाव दिँदै आएका छन्। एसिया प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (यूएनस्केप) का आर्थिक मामला हेर्ने अधिकृत राजन सुदेश रत्ना भने दोहा राउन्डलाई डिसेम्बरमा आयोजना हुन लागेको बाली सम्मेलनबाट टुंगो लगाउनुपर्ने बताउँछन्।

यसअघि, भारतमा सन् २००७ मा सम्पन्न सार्क सम्मेलनका क्रममा सबै देशका सरकार प्रमुखहरूले नियममा आधारित बहुपक्षीय व्यापारका लागि प्रतिबद्धता जनाएका थिए। उनीहरूले दोहा राउन्ड सफलतापूर्वक निष्कर्षमा पुनुपर्नेमा जोड दिएका थिए। तर, १२ वर्ष बित्न लागिसक्दा पनि दोहा राउन्ड टुंगिएको छैन।

कतिपय एकभन्दा बढी देशबीचमा भएका व्यापार सम्झौताका सम्बन्धमा डब्लूटीओका सदस्य राष्ट्रले समेत जानकारी नपाएको र यस्ता सम्झौताले खासगरी कमविकसित देश मारमा परेको विज्ञहरूको भनाइ छ। "यस्ता सम्झौता बहुपक्षीय व्यापार सम्झौता र डब्लूटीओको हडकड हुने मन्त्रीस्तरीय सम्मेलनको मर्मविपरीत छन्," रत्नाले भने। एकभन्दा बढी देशहरू र क्षेत्रीय तहमा भएका यस्ता व्यापार सम्झौताका सम्बन्धमा डब्लूटीओलाई प्रस्ट जानकारी गराउनुपर्ने व्यवस्था छ।

> दक्षिण एसियाली राष्ट्रहरूको साझा लबिङले उपलब्धि लिन सकिने विज्ञहरूको निष्कर्ष छ।

"कृषिमा बजार पहुँच, कटनमा दिइएको सहुलियत हटाउने, गैरकृषिजन्य बजार पहुँच र गैरभन्सार अवरोध न्यूनीकरणमा दक्षिण एसियाका साझा मुद्दा छन्," व्यापारविज्ञ तथा सावतीका कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले भने, "बौद्धिक सम्पत्तिका व्यापार सम्बन्धित पक्ष (ट्रिप्स) र विशेष र सम्मानित व्यवहारका विषय उठाइनेछन्।" उनका अनुसार भन्सार र कोटारहित बजार पहुँच तथा सेवा व्यापारका लागि विकसित देशका बजारमा पहुँच जस्ता विषय नवौं मन्त्रीस्तरीय सम्मेलनका क्रममा उठाइनेछन्।

कमविकसित देशहरू खासगरी मानव श्रम (कामदार) निर्यात गरिरहेका छन्। सेवा व्यापारसम्बन्धी बहुपक्षीय सम्झौताको मर्मअनुरुप कमविकसित देशका सेवा निर्यातकर्तालाई विशेष सुविधा कार्यान्वयन पनि सार्कका तर्फबाट उठाइनेछ।

"विश्वव्यापी आर्थिक संकटका नकारात्मक असर न्यूनीकरणका लागि सार्क क्षेत्रमा व्यापार अभिवृद्धि गर्नुपर्छ," इन्स्टिच्युट अफ पोलिसी स्टडिज श्रीलंकाका कार्यकारी निर्देशक डा. समन कालेगामाले भने, "सार्क राष्ट्रहरूले आफ्ना देशका उद्योग/व्यवसायको बचावटको नाममा बढाएको संरक्षणवादका कारण क्षेत्रीय व्यापार बढ्न सकेको छैन, यसले क्षेत्रीय आर्थिक वृद्धिका सम्भावनामा आघात पुऱ्याएको छ।" क्षेत्रीय व्यापार वृद्धिमा युरोपेली संघ (ईयू) र दक्षिण-पूर्वी एसियाका देशहरू (आसियान) को नमुना सार्कमा पनि अंगीकार गर्नुपर्ने उनको भनाइ छ।

बाली सम्मेलनका क्रममा सार्क देशहरूले कृषि वस्तुको निर्यातमा दिइने सुविधा हटाउने, कमविकसित देशका सेवा निर्यातकलाई विशेष सुविधा, कमविकसित देशमा पूर्वाधारका आवश्यकता पूरा गर्न आर्थिक तथा प्राविधिक सहायता, विकसित देशहरूबाट कमविकसित देशहरूमा जलवायु परिवर्तनको असर न्यूनीकरण, भुटान डब्लूटीओको सदस्यताका क्रममा रहेकाले संयुक्त राष्ट्र संघको इस्तानबुल सम्मेलनअनुरूप व्यवहार गर्न आग्रह गर्नुपर्नेलगायतमा जोड दिइएको छ।